"सुशासन, समृद्धि, समुन्नत र पर्यटकीय ठोरीको आधार
उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"

## अध्यक्ष श्री लाल बहादुर श्रेष्ठले
## ठोरी गाउँसभामा प्रस्तुत गर्नु भएको

# ठोरी गाउँपालिकाको
# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ्गडाँडा,पर्सा
मधेश प्रदेश, नेपाल

Scanned with CamScanner

प्रमुख अतिथिः मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री माननीय श्री शंकर प्रसाद चौधरीज्यू,

विशिष्ट अतिथिः जिल्ला समन्वय समिति पर्साका सदस्य श्री सुशिला वि.क.

श्री उपाध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु,

उपस्थित आमन्त्रित अतिथिज्यूहरु,

सम्पूर्ण कर्मचारी, शिक्षक, पत्रकार, बुद्धिजिवी, समाजसेवी तथा सुरक्षाकर्मीहरु।

नेपालको संविधान र संघीय शासन प्रणालीको तहगत सरकारहरुमा ठोरी गाउँपालिका स्थानीय सरकारको रुपमा रहेको छ। यस गाउँपालिकाको पन्ध्रौं गाउँसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु। गाउँपालिकाको **"सुशासन, समृद्धि, समुन्नत र पर्यटकीय ठोरीको आधार उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"** सफल बनाउन यहाँहरुको साथ र सहयोगको अपेक्षा लिएको छु।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व वर्तमान समसामयिक वस्तुस्थिती बारे यस सभालाई संक्षेपमा जानकारी गराउन चाहन्छु। हाम्रो कार्यकालको चौथो वर्ष पुरा भएको छ। भौगोलिक अवस्था जटिल रहेका क्षेत्रमा आवश्यक भए अनुसार भौतिक निर्माण गर्न नसके पनि महत्वपूर्ण उपलब्धी हासिल भएका छन्।

ठोरी स्थानीय सरकारको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ मा अवलम्बन गरिने विकासका वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु र यसबाट गाउँपालिकाको समग्र विकासमा एक आयाम थपिने अभिलाषा समेत लिएको छु। ठोरी गाउँपालिकाका विभिन्न क्षेत्रका समग्र समस्याहरुको पहिचान, आवश्यक्ताको विश्लेषण र प्राथमिकिकरण गरी प्राप्त स्रोत र साधनको अधिकतम् सदुपयोग हुनेगरी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरेको छु।

**विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदी)**

विश्वमा घटेका पछिल्ला घटनाहरुले नेपाललाई समेत प्रभाव पारेको छ। यसबाट संघीय



Scanned with CamScanner

सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुग्नुको साथै राज्यबाट विनियोजन बजेटमा पनि कटौती हुँदै गएको अवस्थामा स्थानीय सरकारले अपेक्षित उपलब्धी हासिल गर्न कठिन देखिन्छ।
नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरु रोजगारीको खोजीमा नेपाल छाडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर बनाएको छ। आन्तरिक र वाह्य बसाई सराईका कारण नेपालका गाउँघरहरु सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन्। उब्जाउ खेतवारी बाँझो हुन पुगेका छन्। यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सवैको साझा मुद्दा हुन पुगेको छ।
यस विषम परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्नउत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउँदै तीब्र र दिगो विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिका आर्थिक, पर्यटन विकास, कृषि क्रान्तीलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।
सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ।

## १. आर्थिक विकासका क्षेत्रहरुः-

### क. कृषि

**नीतिः**

१. कृषि तथा पशु गुरुयोजना तयार गरिनेछ।

२. कृषि तथा पशुपन्क्षीको सेवा विस्तार कार्यको लागि Feasibility Study गरिनेछ।

३. संघ, प्रदेश र विकास साझेदारसंगको समन्वय तथा सहयोगमा कृषि गुरुयोजनाको लक्ष्य र उद्देश्य प्रास गर्न आवश्यक आर्थिक सहयोग प्राप्त गर्न पहल गरिनेछ।

४. स्थानीय तहभित्र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न आधुनिक, व्यावसायिक र जलवायु अनुकूल कृषि प्रणाली प्रवर्द्धन गरिनेछ। कृषि यान्त्रीकरण, सिंचाइ सुविधा विस्तार, उन्नत बीउबिजन, जैविक खेती तथा कृषि अनुदान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५. बाँझो जमिनको उपयोग तथा सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।



गौरी गाउँपालिका कार्यपालिकाको कार्यालय ... मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ अध्यक्ष

६. कृषकको लगानी सुरक्षालाई सुनिश्चित गर्न कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई विस्तार गरी जोखिम व्यवस्थापन र दिगो कृषि विकासमा जोड दिइनेछ।

७. खाद्य अधिकारलाई सुनिश्चित गर्दै स्थानीय स्रोत, साधन र उत्पादनमा आधारित खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन गरी स्वस्थ, सक्षम र खाद्य सुरक्षित समुदाय निर्माण गरिनेछ।

८. कृषि तथा पशुपन्छी बीमामा लाग्ने बिमा शुल्कमा छुटको व्यवस्थालाई निरन्तरता दिईनेछ।

९. बीमा कम्पनीहरूसँग समन्वय गरी बीमा सेवालाई स्थानीय स्तरमा सहज, सुलभ र प्रभावकारी रूपमा उपलब्ध गराइनेछ।

१०. कृषि क्षेत्रमा नवीन प्रविधि, ज्ञान र अभ्यासको उपयोग मार्फत उत्पादन लागत न्यूनीकरण, उत्पादकत्व वृद्धि तथा कृषि उद्यमको दिगो विकास सुनिश्चित गरिनेछ।

११. इजाजतपत्र नलिई गैरकानुनी रूपमा विषादी बेचबिखन गर्ने विक्रेताहरूलाई कानुनी प्रक्रियामा आबद्ध गरी नियमन तथा व्यवस्थापन गरिनेछ।

१२. स्थानीय स्रोत, सीप र प्रविधिमा आधारित जैविक खेती प्रणालीलाई प्रवर्द्धन गरी सुरक्षित खाद्य उत्पादन, माटोको उर्वराशक्ति संरक्षण तथा दिगो कृषि विकास सुनिश्चित गरिनेछ।

१३. स्थानीय तहभित्र उद्यमशीलता र उद्योग विकासलाई प्रोत्साहन गर्दै उत्पादनमुखी अर्थतन्त्रको निर्माण तथा दिगो रोजगारी सिर्जना गरिनेछ।

१४. कृषि सडक र विद्युतीकरणको विस्तार मार्फत कृषि उत्पादन, उत्पादकत्व, बजार पहुँच तथा कृषकको आयस्तरमा वृद्धि गरिनेछ।

१५. एक वडा एक कृषि सहकारीको अवधारणालाई निरन्तरता दिइनेछ।

**कार्यक्रमः**

१. कृषि उत्पादन वृद्धि गर्न खाद्यान्न तथा तरकारीका उन्नत तथा प्रमाणित बीउबिजन वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

२. कृषि यान्त्रीकरण तथा नवप्रवर्तनलाई प्रभावकारी रूपमा उपयोग गर्न कृषकहरूको सीप विकास, प्राविधिक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

३. ठोरी गाउँपालिका सुख्खा ग्रस्त क्षेत्र भएको हुनाले कृषकहरुको हितलाई ध्यानमा राखी सिंचाइ सुविधा विस्तार (साना सिंचाइ/डिप बोरिङ/पम्प सेट) कार्यक्रमलाई उच्च प्राथमिकता दिँदै लगिनेछ।

४. स्थानीय रैथाने बीउ तथा बालीहरूको संरक्षण, प्रवर्द्धन र उपयोग बढाई जैविक विविधता संरक्षण तथा दिगो कृषि विकास प्रणालीका कार्यक्रम गरिनेछ।

५. बाँझो जमिनको वडा तहमा सर्वेक्षण तथा अभिलेखीकरण गरी स्थानीय तहभित्र रहेको बाँझो तथा प्रयोग विहीन कृषि जमिनको पहिचान, अभिलेखीकरण र उपयोग सुनिश्चित गर्न **'बाँझो जमिन उपयोग तथा प्रोत्साहन कार्यक्रम'** सञ्चालन गरिनेछ। उक्त जमिनलाई कृषि उत्पादन, पशुपन्छी पालन, नगदेबाली, फलफूल खेती तथा सामूहिक खेती तथा चक्कला बन्दी खेती प्रणाली मार्फत उत्पादनशील प्रयोगमा ल्याउन कृषक, कृषक समूह, सहकारी तथा निजी क्षेत्रलाई आवश्यक प्राविधिक तथा आर्थिक प्रोत्साहन प्रदान गरिनेछ।

६. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

७. खाद्य सुरक्षा सुनिश्चित गर्न सबै नागरिकलाई पर्याप्त, सुरक्षित र पोषणयुक्त खाद्य पदार्थमा सहज पहुँच अभिवृद्धि गर्ने उद्देश्यले **'खाद्य पहुँच अभिवृद्धि कार्यक्रम'** सञ्चालन गरिनेछ। यस अन्तर्गत स्थानीय उत्पादनको प्रवर्द्धन, आपूर्ति प्रणाली सुदृढीकरण, लक्षित वर्गलाई खाद्य सहायता, तथा बजार र मूल्य स्थिरता सुनिश्चित गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै स्थानीय उत्पादनको ब्रान्डिङ, लेभलिङ, प्याकेजिङ्ग तथा मूल्य शृङ्खलामा जोड दिइनेछ।

८. **घर घरमा करेशाबारी खेती**लाई जोड दिँदै कृषकहरुलाई तरकारीको उन्नत, हाइब्रिड बीउको मिनीकिट वितरण कार्यक्रम सञ्चालन गर्ने साथै नयाँ प्रविधिको प्रचार-प्रसारमा जोड दिइनेछ।

९. प्रत्येक वडामा एक टोल एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

१०. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा युवा उद्यमशीलता प्रवर्द्धन गर्न नवप्रवर्तनशील

ठोरी गाउँपालिका
गाउँपालिकाको कार्यालय
प्यारडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

तथा व्यावसायिक परियोजनाका आधारमा बीउ पूँजी उपलब्ध गराइने, सहुलियतपूर्ण कर्जामा पहुँच विस्तार गरिने तथा कर्जा प्रवाहमा सहजता ल्याउन आवश्यक कर्जा सुरक्षण तथा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि व्यवसाय प्रारम्भ गर्न आवश्यक शुरुवाती लगानी (Start-up Funding), बीउ पूँजी, सहुलियतपूर्ण कर्जा तथा कर्जा सुरक्षण (Credit Guarantee) को व्यवस्था वित्तीय संस्था, सहकारी तथा सम्बन्धित निकायसँगको सहकार्यमा गरिनेछ।

११. कृषि उद्यमी, कृषक समूह तथा सहकारीलाई नवप्रवर्तनमा आधारित अनुदान तथा प्राविधिक सहयोगका कार्यक्रम गरिनेछ।

१२. जैविक तथा प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी गोठेमल, कम्पोष्ट मल, वर्मी कम्पोष्ट तथा जैविक मल उत्पादनमा प्रोत्साहन गरिनेछ।

१३. कृषकलाई जैविक खेती सम्बन्धी तालिम तथा प्राविधिक सेवा उपलब्ध गरिनेछ।

१४. जैविक विषादी तथा जैविक रोग-कीरा व्यवस्थापन (IPM) तालिम तथा प्रविधि विस्तार गरिनेछ।

१५. माटोको गुणस्तर परिक्षण गर्न डिजिटल प्रविधिको प्रयोग गरी तत्काल रिपोर्ट उपलब्ध हुने कार्यक्रम गरिनेछ।

१६. एक वडा एक उत्पादन तथा स्थानीय विशिष्ट उत्पादन (Niche Product) प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१७. स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग स्थापना र विस्तारमा प्रोत्साहन कार्यक्रम गरिनेछ। साथै स्टार्टअप, बीउ पूँजी तथा सहुलियत पूर्ण कर्जामा पहुँच विस्तार गरिनेछ।

१८. स्थानीय तहभित्र सञ्चालित लघु, घरेलु तथा साना उद्यम तथा व्यवसायहरूको संरक्षण, विस्तार र प्रवर्द्धन गर्न उद्यममैत्री वातावरण सिर्जना गरिनेछ। उत्पादन वृद्धि, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढीकरणका लागि कर छुट, अनुदान, सीप विकास तालिम, प्रविधि सहयोग तथा सहुलियतपूर्ण कर्जामा पहुँच विस्तार गर्ने प्रोत्साहनात्मक कार्यक्रम गरिनेछ।

१९. कृषि उत्पादन क्षेत्रलाई मुख्य सडक सञ्जालसँग जोड्ने कृषि सडक निर्माण तथा स्तरोन्नति कार्यक्रम गरिनेछ।

२०. कृषि उपज ढुवानी लागत घटाउन ग्रामीण कृषि सडक सञ्जाल विकास गरिनेछ।



गाउँपालिका
गाउँपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल
२०७४

बहादुर
अध्यक्ष

Scanned with CamScanner

२१. कृषि सिंचाइ, विद्युतीय सिंचाइ पम्प तथा कृषि यन्त्र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२२. वैकल्पिक ऊर्जा (सौर्य ऊर्जा, बायोग्यास आदि)को प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२३. कृषि पूर्वाधार विकासलाई उत्पादन र बजारसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

**ख. पशुपन्छी**

**नीतिः**

१. पशुपन्छी क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

२. पशु स्वास्थ्य सेवाको पहुँच विस्तार गरी रोग नियन्त्रण, रोकथाम तथा उपचार सेवालाई प्रभावकारी बनाइनेछ।

३. पशु आहार तथा घाँसेबाली उत्पादनलाई प्रोत्साहन गरी दिगो पशुपालन प्रणाली विकास गरिने नीति ल्याईनेछ।

४. दूध, मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनमा स्थानीय तहलाई आत्मनिर्भर बनाउन व्यावसायिक पशुपालनलाई प्रोत्साहन गरिने नीति ल्याईनेछ।

**कार्यक्रमः**

१. व्यावसायिक पशुपालन तथा पन्छीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२. आधुनिक पशुपालन प्रविधि, स्वचालित उपकरण तथा यान्त्रिकीकरणमा आधारित पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३. उन्नत जातका पशुपन्छीको वितरण तथा नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

४. पशुपालन फार्महरूको स्तरोन्नति तथा पूर्वाधार विकासमा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

५. दुग्ध, मासु तथा अण्डा उत्पादन वृद्धि गर्ने लक्षित उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

६. घाँसेबाली विस्तार तथा पशु आहार उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७. गाउँघरमै आधारभूत पशु स्वास्थ्य सेवा उपलब्ध गराउन मोबाइल पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ।

८. पशु रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागि नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

गौरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

९. खोप अभियानलाई प्रभावकारी बनाउन वार्षिक पशु खोप कार्यक्रम सञ्चालन गरिनेछ।

१०. पशु स्वास्थ्य सेवा केन्द्रहरूको सुदृढीकरण तथा सेवा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

११. आवश्यक औषधि, खोप तथा उपचार सामग्रीको नियमित आपूर्ति तथा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. पशु रोगको निगरानी, रिपोर्टिङ तथा सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१३. पशु चिकित्सक तथा प्राविधिकहरूको क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१४. ल्याबमा चाहिने आवश्यक सामाग्री खरिद गरी विभिन्न प्रकारका रोगको परीक्षण गरिनेछ।

१५. पशु आहार तथा घाँसेबाली उत्पादन विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

१६. सुधारिएको घाँसेबाली (Improved Fodder Grass) खेती प्रवर्द्धन तथा बीउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. सामुदायिक तथा निजी जमिनमा घाँसखेती विकास तथा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

१८. कृषकलाई पशु आहार उत्पादन सम्बन्धी तालिम तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१९. हरियो घाँस, साइलेज तथा पशु दाना उत्पादन तथा भण्डारण प्रविधि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२०. दूध, मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्न व्यावसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२१. उत्पादन वृद्धि गर्न उन्नत जातका पशुपन्छी वितरण तथा नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२२. किसानलाई व्यवसायिक पशुपालन सम्बन्धी तालिम, प्राविधिक सेवा तथा उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२३. पशुपालनमा युवा तथा महिला लक्षित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

गौरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

२४. दुग्ध तथा दुग्धजन्य उत्पादनमा वृद्धि गरी कृषकहरूको व्यवसायप्रतिको आकर्षण बढाउन गाउँपालिकामा दर्ता तथा सूचीकृत भएका दुग्ध सहकारी मार्फत दुग्ध उत्पादक कृषकहरूलाई प्रोत्साहन गरिनेछ।

## ग. सहकारी

**नीतिः**

१. सहकारी तथा गरिबी व्यवस्थापनसँग सम्बन्धित अभिलेख र तथ्याङ्कको डिजिटल व्यवस्थापनका लागि COPO-MIS प्रणालीमा नियमित तथ्याङ्क अद्यावधिक, प्रमाणीकरण तथा विश्लेषण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२. सहकारी संस्थाको सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

३. सहकारीको पूँजी परिचालनलाई स्थानीय उत्पादन र उद्योगसँग जोडी बचत तथा ऋण सहकारीलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

**कार्यक्रमः**

१. COPO-MIS प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित कर्मचारी तथा सहकारीकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२. तथ्यमा आधारित योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई सुदृढ बनाउन COPO-MIS प्रणालीमा रहेका तथ्याङ्कको नियमित विश्लेषण तथा प्रतिवेदन तयारी गरिनेछ।

३. स्थानीय तहभित्रका सबै सहकारी संस्थाहरूको विवरण COPO-MIS प्रणालीमा अद्यावधिक गरी एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरिनेछ।

४. सहकारी संस्थाको सुशासन, पारसर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

५. सहकारी संस्थाका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारीहरूको सुशासन र वित्तीय अनुशासन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

६. सहकारी संस्थाहरूको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिनेछ।

७. वार्षिक साधारणसभा, लेखापरीक्षण तथा सामाजिक परीक्षणलाई नियमित र प्रभावकारी बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

८. उत्कृष्ट सुशासन अभ्यास अवलम्बन गर्ने सहकारी संस्थाहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।



Scanned with CamScanner

९. बचत तथा ऋण सहकारी संस्थाहरूलाई स्थानीय उत्पादनमूलक क्षेत्र, कृषि पशुपालन तथा साना उद्यम, लघु तथा घरेलु उद्योगमा लगानी गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१०. सहकारी र स्थानीय उद्यमबीच साझेदारी विकास गरी उत्पादन, प्रशोधन तथा बजारीकरणमा आधारित मूल्य शृङ्खला विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११. उत्पादन तथा रोजगारी सिर्जना गर्ने उद्यमहरूमा सहकारीको लगानी अभिवृद्धि गर्न प्रोत्साहनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

## घ. उद्योग र पर्यटन

१. ईच्छानगरदेखि आधाभारसम्म राष्ट्रिय निकुञ्ज र मध्यवर्ती उपभोक्ता समिति र अन्यसरोकार पक्षसँग समन्वय गरी हात्ती तथा जिप सफारी सञ्चालन भई आन्तरिक र वाह्य पर्यटक भित्राउन सफल भएको छ। यस कार्यलाई अझ परिष्कृत गर्दै लगिनेछ।

२. सञ्चालित होमस्टेको व्यवस्थापनमा स्तरोन्नती र आवश्यक ठाउँमा होमस्टे विस्तारलाई निरन्तरता दिँदै थप तालिमको समेत व्यवस्था मिलाईनेछ।

३. विभिन्न जातजाती, भाषाभाषीको आत्मसम्मान कायम हुने गरी सांस्कृतिक उत्थान कार्यक्रम, सांस्कृतिक, ऐतिहासिक धरोहरका रुपमा रहेका गुम्बा, चर्च, मठ, मन्दिरको संरक्षण तथा मर्मत संभार, चौतारा पाटीपौवा, राष्ट्रिय लोकबाजा, पञ्चेबाजाको संरक्षण तथा संवर्धन गरिनेछ।

४. लोपोन्मुख जातजातीका संस्कृतिहरु, दलित समुदायका कला संस्कृति आदीको संरक्षण र संवर्धन गरिनेछ।

५. २०८३ को अनत्यसम्ममा ठोरीका ठोरी लाल ईको पार्क, सामुदायिक ताल मालिवस्ति, वडा नं. ४ मा रहेको शिव मन्दिर, कृष्ण मन्दिर पार्क सुन्दरवस्ती लगायतका पर्यटकीय क्षेत्रहरुको निर्माणाधिन भौतिक संरचना सम्पन्न गरी कम्तिमा १०० जना सम्मलाई ठोरी मै रोजगारीको अवसर सृजना गरिनेछ।

६. संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार संस्थाहरुसंग समन्वय गरी थप बजेट सहयोगको व्यवस्थापन गरी मालीवस्ती ताल, ठोरी लाल ईको पार्क लगायतका क्षेत्रलाई परिस्कृत गर्दै पर्यटन मुखि बनाईनेछ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

७. पर्यटन प्रवर्द्धन गर्न स्विमिङ्ग पुल तथा अन्य पर्यटन प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिँदै अगाडी बढाईनेछ।

८. निकुञ्ज तथा मध्यवर्ती वनमा जिप-सफारी रुट विस्तार तथा नयाँ गन्तव्य विकास एवं सञ्चालन र प्रवर्द्धनमा सहकार्य एवम् पारस्परिक सहयोगको नीति लिईनेछ।

९. ठोरीको पर्यटन व्यवसायलाई दिगो बनाउन ठोरीमा हाल सञ्चालनमा रहेका होमिस्टेहरुलाई विद्युतीय उपकरण तथा व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरु सहयोग गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

ङ. राजस्व

नीतिः

१. आन्तरिक राजश्व सुदृढीकरण गरी गाउँपालिकालाई आत्मनिर्भर, उत्तरदायी तथा न्यायोचित कर प्रणाली युक्त बनाइनेछ।

२. कर प्रणालीलाई सरल, पारदर्शी र डिजिटलमैत्री बनाउँदै करको दायरा विस्तार गरिनेछ।

३. कर प्रशासनलाई प्रविधिमैत्री बनाई करदाताको पहुँच सहज बनाइनेछ।

४. स्थानीय आर्थिक गतिविधि, व्यवसाय दर्ता तथा कर प्रणालीलाई संस्थागत र प्रभावकारी बनाइनेछ।

५. ऐतिहासिक, धार्मिक तथा पर्यापर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनलाई आर्थिक स्रोत व्यवस्थापनसँग जोडिनेछ।

कार्यक्रमः

१. कर प्रणाली पुनर्संरचना गरी करको दायरा विस्तार गर्न नयाँ व्यवसाय दर्ता तथा कर प्रणाली सरलीकरण गरिनेछ।

२. करदातालाई घरबाटै मोबाइल बैंकिङ्ग मार्फत कर तिर्न सक्ने डिजिटल प्रणाली क्रमशः लागू गरिनेछ।

३. दर्ता नभएका तथा दर्ता भई नवीकरण नगरेका व्यवसायलाई कर दायरामा ल्याउन स्थलगत दर्ता तथा नवीकरण अभियान सञ्चालन गरिनेछ।

४. ठोरीको ऐतिहासिक, धार्मिक तथा पर्यापर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धन गर्दै पार्क तथा मनोरञ्जन स्थलमा प्रवेश तथा सेवा शुल्क निर्धारण गरिनेछ।

५. आन्तरिक राजस्व कार्यालय, पर्सा वीरगञ्जको समन्वयमा करदाता सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्याँनडाँडा, पर्सा मधेश प्रदेश, नेपाल

लाल बहादुर श्रेष्ठ अध्यक्ष



Scanned with CamScanner

## २. सामाजिक विकास क्षेत्रका नीति तथा कार्यक्रमः-

सामाजिक विकास क्षेत्रको मुख्य उद्देश्य नागरिकको जिवनस्तर सुधार गर्नु, समान अवसर सुनिश्चित गर्नु र समावेशी विकासलाई प्रवर्द्धन गर्नु हो।

**नीतिः**

१. शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षामा सबै नागरिक पहुँच सुनिश्चित गरिनेछ।
२. महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछिडिएको समुदायको सशक्तिकरण गरिनेछ।
३. लैङिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रर्वदन गरिनेछ।
४. गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार तथा सुधार गरिनेछ।
५. युवा तथा खेलकुद क्षेत्रको विकास तर्फ नेतृत्व र रोजगारका अवसर सिर्जना गरिनेछ।

**कार्यक्रमः**

१. विद्यालयको शैक्षिक गुणस्तर तथा छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ।
२. आधारभूत स्वास्थ्य सेवा, खोप तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउनेछ।
३. महिला उद्यमी तथा सिप तालिम सञ्चालन गरिनेछ।
४. बाल संरक्षण तथा बालमैत्री वातावरण निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।
५. ज्येष्ठ नागरिकको सम्मान अभिवृद्धि तथा सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढीकरण गरिनेछ।
६. अपमाङ्गता भएका व्यक्तिका लागि पहुँच युक्त सेवा तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
७. युवा नेतृत्व विकास, खेलकुद प्रतियोगिता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
८. लागु औषधी दुर्व्यसन, वालविवाह तथा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
९. भारतसँग खुल्ला सिमाना भएको कारण मानव वेचविखन हुन सक्ने सम्भावना भएकोले मानव ओसार पसार तथा बेचविखन नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।

गौरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ध्याङडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

११. लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।
१२. गैर सरकारी संस्थाहरुको रोष्टर तयार गरी यस गाउँपालिकाको नीति अनुरुप कार्यक्रमहरु सञ्चलान गर्न पहल गर्ने र अनुगमन गरिनेछ।
१३. वाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकहरुलाई अभिमुखीकरण गरिनेछ।
१४. स्थानीयकला, भाषा, संस्कृति, परम्परागत ज्ञान, सीप र प्रविधि तथा पुरातात्विक सम्पदाको विवरण अध्यावधिक गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
१५. मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
१६. स्थानीय उत्पादनको वजारीकरणका लागि साझा सुविधा केन्द्र, उद्यमघर, कोशेली वा विक्री केन्द्र सञ्चालन गरिनेछ।
१७. नवप्रवर्द्धन वा स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गरिनेछ।

(क) शिक्षा

१. ठोरी गाउँपलिकाको शैक्षिक गुरुयोजना निर्माण गरी कार्यान्वयनमा लगिनेछ।
२. कक्षा १२ सम्मको निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। विद्यालय उमेर समुहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने कार्यक्रम सञ्चालन गरिनेछ ।
३. शिक्षकको पेशागत क्षमता विकास, कार्यसम्पादन मूल्याङ्कन तथा उत्तरदायित्व प्रणालीलाई सुदृढ गरिनेछ ।
४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई विस्तार गर्दै लगिनेछ ।
५. प्रारम्भिक बालबिकास तथा आधारभूत शिक्षालाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
६. गाउँपालिकाको स्नातक तहको शिक्षा सञ्चालन गर्न विजयवस्ती क्याम्पसलाई थप गुणस्तरीय बनाउन आवश्यक सहयोगलाई निरन्तरता दिईनेछ।
७. सबै सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार (भवन, डेक्स वेन्च, पुस्तकालय, प्रयोगशाला) को विकास क्रमिक रुपमा निर्माण तथा सुधार गरिदै लगिनेछ ।
८. ठोरी गाउँपालिका भित्रका अति विपन्न तथा बाबुआमा विहिन बालबालिकालाई छात्रावृति सहयोगको व्यवस्था गरिनेछ।



ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्याडडाँडा, पर्सा मधेश प्रदेश, नेपाल

लाल बहादुर थोकर अध्यक्ष

९. ठोरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट एस.ई.ई उतिर्ण गर्ने तथा अन्य क्षेत्रका प्रगती उन्मुख विद्याथीहरुलाई छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१०. सामुदायिक विद्यालयहरुको नक्साङ्कन तथा विधार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी मिलानर विद्यार्थी कम भएका विद्यालयहरुलाई कक्षा स्थगन गर्ने नीति अवलम्बन गरिनेछ।

११. विद्यालय भौतिक पुर्वाधारमा लगानी गर्दा तोकिएका न्यूनतम मापदण्ड सबै विद्यालयमा पुरा हुने गरी गरिनेछ।

१२. शिक्षामा सूचना सञ्चार तथा प्रविधिमैत्री बनाउन क्रमशः डिजीटल सामाग्रीको क्रमिक उपलब्ध गरिँदै लगिनेछ।

१३. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको भूमिकालाई सबल र प्रभावकारी बनाउन अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१४. बालबालिकालाई विद्यालयमा ल्याउने सिकाउने र टिकाउने कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिनेछ।

१५. शिक्षालाई जीवनोपयोगी, आधुनिक, विज्ञान प्रविधिमा आधारित शिक्षामा लगानी र गुणस्तर अभिवृद्धि गरिनेछ।

१६. पालिकामा विद्यार्थीहरुले वार्षिक परीक्षामा प्राप्त गरेको नतिजाको आधारमा प्रोत्साहन गर्ने नीति लिईनेछ।

१७. विद्यालय सुशासनको लागि विद्यालय सामाजिक परीक्षण र गुनासो सुनुवाई र विद्यालयका हरेक गतिविधीको अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था गरिनेछ।

१८. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यार्थीको शैक्षिक उपलब्धि मुल्याङ्कन गर्न आधारभूत तह ८ को वार्षिक परीक्षा केन्द्रकृत गरी सञ्चालन गरिनेछ।

१९. विद्यालयको शैक्षिक तथा प्रशासनिक व्यवस्थापन सबल बनाउन मा.वि., नि.मा.वि. र प्रा.वि. तहका शिक्षक र प्र.अ.लाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

२०. विद्यालयमा कार्यरत कार्यालय सहायकको प्रारिश्रमिक वृद्धि सम्बन्धमा स्थानीय सरकारले उचित व्यवस्थापन गर्नेछ।

२१. विद्यालयको संस्थागत विकास, सुशासन र पारदर्शिताका लागि प्रधानाध्यापकहरुसँग मासिक समिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालनको व्यवस्थालाई निरन्तरता दिईनेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर थोकर अध्यक्ष



Scanned with CamScanner

२२. बालबालिकाको स्वास्थ्य, शैक्षिक सुधार र किसानको आय आर्जनमा वृद्धि गर्न स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको लागि आवश्यक प्रबन्ध गरिनेछ।

२३. मा.वि. तहका विद्यालयहरुमा विद्यालय नर्स व्यवस्थापनको लागि पहल गरिनेछ।

२४. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, शिक्षक र विद्यार्थीबीच साक्षात्कार भेटघाट तथा छलफल कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२५. विद्यालयमा बालक्लब, ईको क्लब र जुरेस गठन तथा परिचालनमा जोड दिईनेछ।

२६. स्थानीय ज्ञान, सीप, कला, भाषा, धर्म, संस्कृति, पेशा, इतिहास, भूगोल तथा आर्थिक गतिविधि समेटिएको स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयमा लागु गर्दै लगिनेछ ।

२७. माध्यमिक तहका विद्यार्थीहरुका लागि रुची, खुवी र क्षमताका आधारमा वृत्ती छनोट गर्न वृत्ती मार्ग निर्देशन कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. शिक्षकको पेशागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

२९. सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक नीतिगत तथा संस्थागत क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३०. प्राविधिक शिक्षामा आकर्षण बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. संघ, प्रदेश र विकास साझेदारसंगको समन्वय र आर्थिक सहयोगमा विद्यालयका आवश्यक दिवाखाजा भन्साघर, शौचालय, खानेपानी, फर्निचर, ल्यापटप, सिकाई प्रयोगशाला लगायत अन्य पूर्वाधारहरुको व्यवस्थापन गरिनेछ।

**(ख) स्वास्थ्य**

१. स्वास्थ्य गुरुयोजना निर्माण गरिनेछ।

२. स्वास्थ्य Feasibility Study प्रतिवेदन तयार गरी संघ, प्रदेश र विकास साँझेदारको आर्थिक सहयोगमा स्वास्थ्य पूर्वाधार निर्माण तथा सेवाको गुणस्तरलाई बृद्धि गरिनेछ।

३. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा ठोरी गाउँपालिकावासीको पहुँचको सुनिश्चितता गरिनेछ।

४. सुकुम्वासी, असहाय, जेष्ठ नागरिक, वेवारिसे, जटिलता भएको प्रसुति अवस्थाको महिला र वन्यजन्तुको आक्रमणमा परी घाईते ब्यक्तिलाई नजिकको अस्पताल सम्म लैजान निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

५. गाउँपालिकाको पूर्ण स्वामित्वमा रहेका प्रयोगशालाबाट उपलब्ध गराईने सबै सेवाहरु निःशुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. आगामी आ.व. २०८३/०८४ भित्र ठोरी - २ मा रहेको निर्माणधिन १५ शैयाको आधारभूत अस्पताललाई संघीय र प्रदेश सरकारसंग समन्वय गरी सञ्चालनमा ल्याईनेछ।

७. मधुमेह, उच्च रक्तचाप, मानसिक रोग लगायतका नेपाल सरकारवाट तोकिएका निःशुल्क प्रदान गर्ने औषधीहरु वर्ष भरिनै सहजरुपमा उपलब्ध गराइनेछ।

८. ठोरी गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरुको वार्षिक रुपमा सामाजिक परीक्षण गराईनेछ।

९. ठोरी गाउँपालिकाका वडाहरुलाई पूर्णखोप सुनिश्चतता दिगोपना बनाउने कार्यलाई निरन्तरता दिईनेछ।

१०. प्रत्येक ३/३ महिनामा गर्भवती महिलाको स्वास्थ्यको जाँच र आमा तथा वच्चाको स्वास्थ्य अवस्था पहिचान गर्न गाउँपालिका क्षेत्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई भिडियो एक्स-रे सेवा उपलब्ध गराईनेछ।

११. बहुक्षेत्रीय पोषण योजनाका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

१२. स्वास्थ्य सेवा क्षेत्रको सेवाको गुणस्तर उकास्न Feasibility Study गरिनेछ।

१३. मृगौला प्रत्यारोपण, डायलाइसिस गरी रहेका, मेरुदण्ड पक्षघात भएका व्यक्तिलाई उपचार खर्च दिँदै आएको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४. गाउँपालिकामा भएको आयुर्वेदिक औषधालयको क्षमता विकास तथा विस्तार र गाउँघर क्लिनिक व्यवस्थित गरी सो केन्द्रबाट दिइने सेवा तथा औषधी निःशुल्क वितरणलाई निरन्तरता दिईनेछ।

१५. आगामी आ.व. २०८३/०८४ भित्र ठोरी – ५ मा सुवर्णपुर स्वास्थ्य चौकीको भवन निर्माण गरिनेछ।

१६. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई कमशः डिजिटलाइज्ड गरिदै लगिनेछ।

१७. ठोरी गा.पा. वडा नं. १ र ३ मा प्रयोगशाला स्थापना गरिनेछ।

१८. ठोरी गाउँपालिका मातहतका प्रयोगशालाहरुमा पूर्ण स्वचालित उपकरण तथा सामाग्री जडान गरिनेछ।

१९. स्वास्थ्य संस्था तथा बर्थिङ्ग सेन्टरको क्षमता क्रमशः वृद्धि गर्दै लगिनेछ।

२०. मृत शरिरलाई परम्परा अनुसार अन्त्येष्टि गर्न केही दिन लाग्ने अवस्थामा ती पार्थिव शरिरलाई सुरक्षित राख्न २ थान Dead body Refrigerator खरिद गरी सेवा संचालनमा ल्याईनेछ।

२१. आमा तथा नवजात वच्चाको सुरक्षाका लागि स्वास्थ्य चौकीमा आएर ८ पटक गर्भ जाँच सेवा, प्रसुति सेवा लिए बापत विशेष प्रोत्साहन रकम दिईने र प्रसुति गराउने कार्यमा खट्ने नर्सिङ कर्मचारीलाई SBA तालिमको व्यवस्था गरिनु साथै प्रसुति सेवामा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ।

२२. दिगो विकास लक्ष्य हासिल गर्न मातृ तथा नवजात शिशुको मृत्यु दर घटाउने अभियानलाई सघाउ पुऱ्याउन मातृ तथा नवजात शिशुमा आउन सक्ने स्वास्थ्य जटिलतालाई समयमै पहिचान गरी उपचार तथा व्यवस्थापन गर्न सुत्केरी महिला र शिशुको स्वास्थ्य परीक्षण गर्नको लागि नर्सिङ कर्मचारीलाई घरघरमै परिचालित गरिनेछ।

२३. आपतकालिन अवस्थामा सबै नागरिकहरुलाई नजिकको अस्पताल सम्म लैजान निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

२४. आधा घण्टाको पैदल दुरीभित्र स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चितता गर्न गाउँघर क्लिनिक र खोप क्लिनिक लगायत समुदाय स्तरमा नसर्ने रोगको स्क्रिनिङ र फ्लोअप घुम्ति सेवालाई निरन्तरता दिईनेछ।

२५. सबै घर परिवारलाई स्वास्थ्य वीमा कार्यक्रममा आवद्धताको लागि समुदाय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ र अति विपन्न घरपरिवारलाई वीमा प्रिमियरमा सहयोग गर्ने नीति वनाईनेछ।

२६. किशोरकिशोरी मैत्री सेवालाई चुस्तदुरुस्त वनाउन सबै विद्यालय र कार्यालयहरुलाई किशोरकिशोरी मैत्री वनाईनेछ।

२७. खोप सेवा तथा सरसफाई प्रवर्धन कार्यक्रमलाई उच्च प्रथामिकताका साथ कार्यन्वयन गरिनेछ।

२८. स्वास्थ्य संस्थारुमा रहेका पोषण केन्द्रलाई सुदृढिकरण गरिनेछ।

२९. ठोरी गाउँपालिकाको स्वास्थ्य क्षेत्रलाई जिल्लामै सर्वोत्कृष्ट बनाउन अहोरात्र



ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ध्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

Scanned with CamScanner

खटिरहनु भएका महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुको खाईपाई आएको मासिक भत्ता रु.५००० मा बृद्धि गरिनेछ।

३०. सुरक्षित खानेपानीमा सबै नागरिकको पहुँचको सुनिश्चित गर्न खानेपानी स्रोतको संरक्षण गर्दै  खानेपानी प्रणलीको पूर्वाधार निर्माण गरिनेछ।

३१. ठोरी गाउँपालिका भित्र हाल संचालनमा रहेका सबै खानेपानीको स्रोतको पानीको वर्षमा २ पटक प्रयोगशाला परीक्षण गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ।

**(ग) खानेपानी तथा सरसफाई**

१. स्वच्छ तथा शुद्ध खानेपानीमा सबै नागरिकको पहुँच पुऱ्याउने कार्यक्रमलाई सबै टोल वस्तीहरुमा आपूर्ती गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२. स्वच्छ तथा शुद्ध खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

३. प्रत्येक वडामा खानेपानी पहुँचका लागि संघ, प्रदेश र विकास साझेदारसँग समन्वय गरी प्राप्त आर्थिक सहयोगको परिचालन गरिनेछ।

४. सार्वजनिक स्थानहरु जस्तै विद्यालय, स्वास्थ्य चौकी, हाट बजारमा सरसफाई अभियान सञ्चालन गर्ने साथै आवश्यकता अनुसार शौचालय निर्माण गरिनेछ।

**(घ) लैङ्गक समानता र सामाजिक समावेशीकरण**

१. सामाजिक परीक्षण, सार्वजनिक सुनवाईको माध्यबाट सुशासन तथा पारदर्शिता प्रवर्द्धन गरिनेछ।

२. प्राथमिकताको आधारमा गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा जेष्ठ नागरिकहरुको लागि विश्राम  स्थल निर्माण कार्यलाई जोड दिईनेछ।

३. उपाध्यक्ष सुत्केरी पोषण तथा कोशेली वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

४. एकल महिलाको जीविकोपार्जनका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गरिदै लगिनेछ।

५. मा.वि. स्तरमा लैङ्गक हिंसा न्यूनीकरणको लागि उपाध्यक्ष अक्षय कोष स्थापना गरिने नीति लिइनेछ।

६. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाउन पालिकामा सञ्चालित  सामी कार्यक्रम मार्फत वैदेशिक रोजगारीमा गएका, फर्किएकाहरुको

तथ्याङ्क संकलन गरी फर्किनेहरुको लागि सिपमूलक तालिम सञ्चालन गरी ठोरी मै व्यवसाय गर्ने वातावरण सृजना गरिनेछ।

७. गाउँपालिकामा रहेका प्रत्येक टोलटोलमा टोल सुधार समिति निर्माण गरी टोल सुधारका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८. दलित वर्ग उत्थान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(ङ) युवा, खेलकुद तथा रोजगारी

१. युवाहरुको प्रतिभा पहिचान गर्दै विभिन्न कार्यक्रम मार्फत सहभागितात्मक नेतृत्व सीप प्रदान गरिनेछ। साथै सांस्कृतिक पर्वहरुमा यस्ता प्रतियोगितात्मक कार्यलाई प्रोत्साहन गरिनेछ।

२. युवाहरुलाई लागु औषध दुर्व्यसनबाट निरुत्साहित गर्नुका साथै लागु औषध दुर्व्यसनमा फसेका युवाहरुलाई सुधार केन्द्र मार्फत सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाईनेछ।

३. उद्यमीहरुलाई वित्तिय संस्थासँगको साझेदारीमा सहुलियत पूर्ण कर्जा उपलब्ध गराउन पहल गर्ने।

४. राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी न्यूनतम् रोजगारीको अवसर सुनिश्चित गरिनेछ।

५. सीप, क्षमता र स्थानीय श्रम बजारको मागका आधारमा युवाहरुलाई सीपमुलक तथा व्यावसायिक तालिम गरिनेछ।

६. युवाहरुलाई स्वरोजगार तथा उद्यमशीलतामा प्रोत्साहित गर्न कृषि, पशुपालन, उद्योग, सेवा तथा सूचना प्रविधि लगायतका क्षेत्रमा आवश्यक प्रविधि, औजार तथा उपकरण हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७. निजी क्षेत्र, उद्योग तथा व्यवसायीहरुसँग समन्वय गरी स्थानीय नगारिकलाई रोजगार उपलब्ध गराउन पहल गरिनेछ।

८. रोजगारी श्रृजनाका लागि विभिन्न गाउँपालिकासँग साझेदारी गरी लगानी सम्मेलन गर्ने अवधारणा लिईनेछ।

## ३. पूर्वाधार विकासः

### नीति

१. गुणस्तरीय, दिगो तथा वातावरणमैत्री पूर्वाधार विकासालई प्राथमिकता दिइनेछ।



ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्यारडाँडा, पर्सा मधेश प्रदेश, नेपाल

लाल बहादुर श्रेष्ठ अध्यक्ष

२. सडक, पुल, खानेपानी, सिंचाई, भवन तथा उर्जा पूर्वाधारको विस्तार र स्तरोन्नती गरिनेछ।

३. स्थानीय स्रोत साधन र प्रविधिको अधिकतम् उपयोग गरी पूर्वाधार निर्माण गरिनेछ।

४. पूर्वाधार निर्माणमा पारदर्शिता, सुशासन र जनसहभागिता सुनिश्चित गरिनेछ।

**कार्यक्रमः**

१. ग्रामिण तथा शहरी सडक निर्माण मर्मत तथा स्तरोन्नती कार्यक्रम सञ्चालन गरिनेछ।

२. आवश्यक स्थानमा पुल, कलर्भट तथा तटबन्धन निर्माण गरिनेछ।

३. सुरक्षित तथा स्वच्छ खानेपानीको आयोजनाहरु विस्तार गरिनेछ।

४. सिंचाई सुविधा विस्तार गरी कृषि उत्पादन वृद्धि गर्न साना तथा मध्यम सिंचाई आयोजना सञ्चालन गरिनेछ।

५. सडकवत्ती विद्युतीकरण तथा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

६. पूर्वाधार आयोजनाहरुको नियमित अनुगमन मूल्याङ्कन तथा गुणस्तरीय परीक्षण गरिनेछ।

७. निर्मित पूर्वाधार दिगो उपयोगको लागि लाभग्राही सहितको पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन भई क्रियाशिल भएको हुनेछ।

८. विद्युतको पहुँच नभएका बस्तीहरुमा विद्युतको व्यवस्था गरिनेछ। साथै २ फेजको विद्युतलाईनलाई ३ फेजमा रुपान्तरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

९. गाउँपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरुलाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईनेछ।

१०. गाउँपालिकाबाट निर्माण भै रहेको पार्क निर्माणलाई निरन्तरता दिँदै यसै वर्ष थप बजेटको व्यवस्था गर्दै पूर्णता दिईनेछ।

११. ढेडु खोला, सरस्वता खोला, झिङ्गे खोला, इच्छानगर जाने वाटोमा ठुटे खोलामा पक्की पुलको निर्माणका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय गरिनेछ।

१२. अधुरो हुलाकी सडकलाई पुरा गर्न सम्वन्धित निकायमा ध्यानाकर्षण गराउदै मुआब्जाको लागि उचित पहल गरिनेछ।



लाल बहादुर ...
अध्यक्ष

Scanned with CamScanner

१३. ठोरी-माडी सडक बाह्रै महिना सञ्चालन र स्तरोन्नतीका लागि चितवन राष्ट्रिय निकुञ्ज, माडी नगरपालिका, बागमती प्रदेश सरकार तथा मधेश प्रदेश सरकारसँग समन्वय गरिनेछ।

१४. प्राकृतिक श्रोत (खोला नाला) बाट भई रहेको सिंचाई पद्धतिलाई सुधार गरी कुलो तथा चेकड्याम निर्माण कार्यलाई व्यवस्थित गरी सिंचाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१५. प्राथमिकताको आधारमा प्रत्येक वडामा वडा भवन, सामुदायिक भवन, विद्यालय भवन, विद्यालय हातामा सभा हल, स्वास्थ्य संस्था भवन, सार्वजनिक शौचालय क्रमशः निर्माण गरिदै लगिनेछ।

१६. हाल सञ्चालनमा रहेका टेलिफोन नेटवर्कलाई २४ सै घण्टा गुणस्तरीय सेवाको व्यवस्था गराईनेछ। ठोरी गाउँपालिका अन्तर्गतका शिकारीवास, ओडार विद्यालय नजिक, भगवाननगर, तीनघरे. ईच्छानगर लगायतका टेलिफोन नेटवर्क कमजोर हुने ठाउँहरुमा टावर स्थापनाको पहल गरिनेछ।

१७. कृषि उत्पादन बृद्धिका लागि सिंचाइ व्यवस्था नभएका ठाउँहरुमा साना तथा मझौला सिंचाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८. यस गाउँपालिकाभित्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय गन्तव्यको प्रचार प्रसार एवं ठोरीको विकास, समृद्धि र कार्य प्रगति समेटेर डकुमेन्ट्री सहितको वृहत प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकको आवागमन बढाईनेछ।

१९. कृष्ण मन्दिर देखि गोलेडाँडा सम्म केवुल कारको लागि Feasibility Study को लागि पहल गरिनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापनः

**नीतिः**

१. विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियाको अभिन्न अंगका रूपमा संस्थागत गरिनेछ।

२. जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशील विकासलाई प्राथमिकता दिइनेछ।

३. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा प्राकृतिक स्रोतको दिगो उपयोगलाई प्राथमिकता दिइनेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्याङडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ अध्यक्ष



Scanned with CamScanner

४. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्दै संरक्षण र विकासबीच सन्तुलन कायम गरिनेछ।
५. आपतकालीन सेवा प्रवाहलाई प्रविधिमैत्री, छिटो र प्रभावकारी बनाइनेछ।
६. स्वच्छ ऊर्जा तथा वातावरणमैत्री विकासलाई प्रवर्द्धन गरिनेछ।

**कार्यक्रमः**

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गुरुयोजना निर्माण र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३ कार्यान्वयन गरिनेछ।
२. गाउँपालिकाको वार्षिक बजेटको कम्तीमा २ प्रतिशत रकम विपद् व्यवस्थापन कोषमा विनियोजन गरिनेछ।
३. पाँच (५) वटै वडामा बाढी, आगलागी तथा वन्यजन्तु आतंक सम्बन्धी Mock Drill सञ्चालन गरिनेछ।
४. खहरे खोलामा हुने फ्ल्यास फ्लड नियन्त्रणका लागि तटबन्ध तथा बायो इन्जिनियरिङ कार्य सञ्चालन गरिनेछ।
५. सर्पदंश उपचार केन्द्रलाई स्तरोन्नति तथा व्यवस्थित गरी सेवा प्रभावकारी बनाइनेछ।
६. विपद् प्रभावित निजी आवास तथा सार्वजनिक संरचनाको पुनर्निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ।
७. हरियाली पार्क, खुला क्षेत्र, ताल– तलैया, पोखरी तथा सिमसार क्षेत्र संरक्षण तथा दिगो उपयोग कार्यक्रम सञ्चालन गरिनेछ।
८. सरकारी तथा सार्वजनिक खाली जग्गामा वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
९. जैविक विविधता तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।
१०. वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि सोलार फेन्स, मेषजाली तथा तारवार निर्माण कार्य गरिनेछ।
११. पशुधन बीमा तथा बाली बीमा कार्यक्रम विस्तार गरी क्षतिपूर्ति प्रणालीलाई प्रभावकारी बनाइनेछ।

गौरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ध्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

१२. ठोरी गाउँपालिका, चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जबीच त्रिपक्षीय समन्वय तथा सम्झौता गरी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. सामुदायिक वन तथा उपभोक्ता समितिसँग समन्वय गरी वन संरक्षण तथा दिगो उपयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१४. स्थानीय अनुकूलन कार्ययोजना तयार गरी जलवायु परिवर्तन तथा विपद् उत्थानशीलता कार्यक्रम कार्यान्वयन गरिनेछ।

१५. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग जलवायु अनुकूलनका लागि समन्वय सुदृढ गरिनेछ।

१६. LEOC अन्तर्गत २४ घण्टा सञ्चालन हुने कल सेन्टर मार्फत विपद् पूर्वसूचना, खोज, उद्धार तथा राहत सेवा प्रवाह गरिनेछ।

१७. राष्ट्रिय विपद् पोर्टल तथा स्थानीय सूचना प्रणालीमार्फत सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ।

१८. सोलार बोरिङ्ग प्रणाली विस्तार तथा प्रवर्द्धन गरिनेछ।

१९. स्वच्छ, सुरक्षित, वातावरणमैत्री तथा दिगो ऊर्जाको प्रवर्द्धन गर्दै भान्सा सुधार कार्यक्रम मार्फत विद्युतीय चुलो, ३+ सुधारिएको चुलो तथा बायोग्यास प्रविधिलाई सर्वसुलभ र जनताको पहुँचयोग्य बनाइनेछ।

## ५. भूमि व्यवस्थापन

१. ठोरी गाउँपालिकाको भूमिहिन सुकुमवासी, भूमिहिन दलित तथा अव्यवस्थित वसोवासीको यस भन्दा अघि लगत संकलन गरी सकिएको छ। तिव्र रुपमा लाल पुर्जा वितरणको काम अघि बढि रहेको वेला भएको जेन्जी आन्दोलनको कारण तत्काल स्थगित भएपनि हाल प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भूमि समस्या समाधान समिति गठन भई सकेकोले २०८३ सालको अन्त्यसम्ममा लाल पुर्जा वितरणको कार्य सम्पन्न गरिनेछ।

२. २०८३ सालको अन्त्यसम्ममा भूमिहिन दलित र भूमिहिन सुकुम्बासीका जग्गा जमिन नभएका व्यक्तिलाई आवासको व्यवस्था मिलाईनेछ।

## ६. सूचना प्रविधि सम्बन्धी नीती तथा कार्यक्रमः

१. ठोरी गाउँपालिकाको सेवा प्रवाहको कार्यलाई क्रमशः पूर्ण रुपमा प्रविधिमैत्री बनाउँदै सूचना प्रविधिको सरहयोगमा Paperless Governance को आवधारणा



ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ अध्यक्ष

Scanned with CamScanner

अनुरुप पूर्वाधारको विकास गरी Electronic Service मार्फत गरी सेवा प्रवाह गर्न व्यवस्था मिलाईनेछ।

२. सूचना, सञ्चार तथा प्रविधिमा आधारित स्थानीय सेवा प्रवाह सुदृढीकरणका लागि ओफिस अटोमेशन सिस्टम, AI मा आधारित एप्लिकेशन र डिजिटल गाउँ प्रोफाईल कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

३. **डिजिटल अभिलेख व्यवस्थापनः** कार्यालयका प्रशासनिक, आर्थिक, योजना, जिन्सी तथा अन्य अभिलेखहरूलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरी सुरक्षित व्यवस्थापन गरिनेछ।

४. **विद्युतीय सुशासनः**कार्यालयमा विस्तारै विद्युतीय हाजिरीको व्यवस्था गर्ने र अनलाइन सिफारिस तथा भुक्तानी प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने पहल गरिनेछ।

५. **अनलाइन सेवा विस्तारः**गाउँपालिकाको वेबसाइट तथा अन्य डिजिटल माध्यममार्फत नागरिकलाई सूचना, सिफारिस, गुनासो व्यवस्थापन तथा अन्य सार्वजनिक सेवाहरू क्रमशः अनलाइन उपलब्ध गराइनेछ।

६. **सूचना प्रविधि पूर्वाधार विकासः**गाउँपालिका तथा वडा कार्यालयहरूमा उच्च गतिको इन्टरनेट, कम्प्युटर, नेटवर्क तथा अन्य आवश्यक सूचना प्रविधि पूर्वाधारको विकास र स्तरोन्नति गरिनेछ।

७. **डिजिटल क्षमता अभिवृद्धिः**जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा सर्वसाधारणका लागि सूचना प्रविधि, डिजिटल साक्षरता तथा साइबर सुरक्षा सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

८. **साइबर सुरक्षा सुदृढीकरणः**सरकारी सूचना प्रणाली, डाटा तथा विद्युतीय अभिलेखको सुरक्षा सुनिश्चित गर्न साइबर सुरक्षा, नियमित ब्याकअप तथा डाटा संरक्षणका आवश्यक व्यवस्था गरिनेछ।

९. **प्रविधिमैत्री शिक्षा प्रवर्द्धनः**सामुदायिक विद्यालयहरूमा कम्प्युटर शिक्षा, स्मार्ट कक्षा तथा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१०. **नवप्रवर्तन र डिजिटल रूपान्तरणः** स्थानीय तहको समग्र कार्यसम्पादनलाई प्रभावकारी बनाउन नवीन सूचना प्रविधि, डिजिटल भुक्तानी, कागजरहित (Paperless) कार्यालय प्रणाली तथा नवप्रवर्तनमुखी कार्यक्रमहरू क्रमशः कार्यान्वयन गरिनेछ।

## ७. संस्थागत विकास सेवा प्रवाह र सुशासनः

**नीतिः**

१. संस्थागत क्षमता अभिवृद्धि गरी प्रभावकारी, पारदर्शि तथा उत्तरदायी स्थानीय शासन प्रणालीको विकास गरिनेछ।

२. सेवा प्रवाहलाई सरल, सहज, छिटो, प्रविधिमैत्री तथा नागरिक मैत्री बनाईनेछ।

३. शुसासन, पारदर्शिता, जवाफदेहिता तथा भ्रष्टचार नियन्त्रणलाई प्राथमिकता दिईनेछ।

४. नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व तथा सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाईनेछ।

५. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास मार्फत संस्थागत सुढ्ढीकरण गरिनेछ।

**कार्यक्रमः**

१. कार्यालय व्यवस्थापन तथा अभिलेखीकरण व्यवस्थापन प्रणालीलाई आधुनिक र व्यवस्थित बनाईनेछ।

२. नागरिक वडापत्रको नियमित अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।

३. सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा समाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

४. गाउँपालिकाबाट कार्यान्वयन भएका र हुने विभिन्न भौतिक निर्माणका योजनाहरुको वस्तुगतअनुगमन, नियमन गर्न प्राविधिक, प्रशासन, उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत सम्पूर्ण सरोकारवाला पक्षहरुलाई क्षमता विकासको लागि उचित तालिमको व्यवस्था गरिनेछ।

५. समग्र अनुगमन, नियमन र नियन्त्रण कार्यलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउँदै लगिनेछ।

६. गाउँपालिकामा शान्ति सुरक्षाको लागि सुरक्षा निकायसँग समन्वय गरी शान्ति सुरक्षाको प्रत्याभूती गराईनेछ।

७. गाउँपालिकाबाट दिइने सेवाहरुको सूचना एवम् जानकारीहरु सार्वजनिक गराउनेविवरणहरु तथ्याङ्क, सूचना, कर, नीति योजना तथा कार्यक्रम लगायतका विषयहरुमा विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

लाल बहादुर थोकर
अध्यक्ष

८. सुशासनको प्रत्याभूति, आर्थिक अनुशासान, पारदर्शिता, सेवाग्राहीहरुलाई सेवाको सुनिश्चितता गर्ने व्यवस्था मिलाईनेछ। जननिर्वाचित प्रतिनिधि, कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

९. ठोरी गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा कार्यरत असल काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

१०. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरुमा जनसुझाव पेटिकाको व्यवस्था, सत्य तथ्य विषयवस्तुहरु सार्वजनीकरण गर्ने सूचना अधिकारीको व्यवस्था र गाउँपालिकाको कार्य प्रगति तथा प्रतिवद्धता गरिएका विषयवस्तुको वार्षिक सामाजिक सुनुवाई तथा समिक्षा गरिने व्यवस्था मिलाईनेछ।

११. गाउँपालिका, वडा तथा अन्तर्गतका कार्यालयहरुमा तथ्याङ्कीय अभिलेखहरु अद्यावधिक गर्ने व्यवस्था मिलाईनेछ।

१२. गाउँपालिका भरिका कार्यालयहरुको दरवन्दी तेरिज अनुसार जनशक्ति व्यवस्थापन गरिनेछ र आन्तरिक स्रोतका अनावश्यक तथा प्रभावहीन दरवन्दी खारेज गर्दै आर्थिक शुसासन र मितब्ययीतामा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।

१३. प्रत्येक वर्षको आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षण तोकिएको समयमै गर्ने व्यवस्था मिलाईनेछ।

१४. ठोरी गाउँपालिकमा भए गरेका सम्पूर्ण भौतिक निर्माण, शिक्षा, स्वास्थ्य तथा विभिन्न क्षेत्रको आम सर्वसाधारणले देख्न पाउँने/बुझ्न पाउने गरी दस्तवेजीकरण, अभिमुखिकरण तथा डिजिटलाइजेशन कार्य गर्न नीति अवलम्बन गरिनेछ।

१५. सूचना, प्रविधि तथा कृतिम बौद्धिकता प्रयोग गर्ने राज्यको नीति अनुसार पालिकामा सर्वसाधारण जनतालाई सेवा प्रवाह सहज पहुँच पार्न सक्ने गरी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६. ठोरीका ऐतिहासिक तथा पर्यटकीय स्थानहरुको प्रचार प्रसार गर्न उत्कृष्ट प्रचार प्रसार सामाजिक सञ्जालमा प्रस्तुत गरिने व्यक्ति तथा संस्थालाई प्रोत्साहन तथा पुरस्कृत गरिने कार्यक्रममा निरन्तरता दिईनेछ।

१७. **Standard Operating Procedure (SOP):** गाउँपालिकाबाट प्रदान गरिने कम्तीमा ५ वटा विषय क्षेत्रको सेवा प्रवाहका लागि कार्यविधिगत मापदण्ड (SOP) स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने ।



ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर थोकर
अध्यक्ष

Scanned with CamScanner

१८. **Public Assets Management System (PAMS):** सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापनका लागि विद्युतीय अभिलेख राख्ने प्रणाली (PAMS) पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने ।

१९. **सार्वजनिक सुनुवाइ र परीक्षण:** आवश्यकता अनुसार सार्वजनिक परीक्षण (Public Audit) र सार्वजनिक सुनुवाइगरिनेछ।

२०. **मध्यकालीन खर्च संरचना (MTEF):** वार्षिक बजेट तथा कार्यक्रमसँगै आगामी ३ वर्षको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना अनिवार्य रूपमा तयार गर्नुपर्ने ।

२१. ठोरी गाउँपालकाको सुशासन र सेवा प्रवाहको कार्यमा मधेश प्रदेशमै उत्कृष्ट रहेको विषय राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदनको अङ्क ७४.४८ ले देखाएको, साथै LGPAS को प्रारम्भिक प्रतिवेदनले ८७.७ अङ्क समेतले उत्कृष्ट पुष्टि गरेकोमा सेवा प्रवाहको कार्यलाई अझ राम्रो र उत्कृष्ट बनाउन साथै सेवा सुशासन प्रवाहको कार्यलाई निरन्तरता दिन सो कार्यमा गाउँपालिकाका संलग्न कर्मचारीहरुलाई पुरस्कार तथा मौद्रिक प्रोत्साहन दिईनेछ।

## ८. न्याय कानुन तथा मानव अधिकार तथा सुशासन प्रवर्धन नीतिः

१. न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई र कर्मचारीको ज्ञान, सीप, र क्षमता अभिवृद्धि गर्ने खालको कार्यक्रम ल्याईनेछ।

२. न्यायिक क्षेत्रमा न्याय निरुपण गर्न कर्मचारी तथा न्यायिक आवास बनाउन पहल गरिनेछ।जस्तै हिंसामा परेका वेचविखनबाट अपहेलित तथा संरक्षणबाट वाहिर रहेका महिला तथा वालवालिका पूर्नस्थापना केन्द्र तथा सुरक्षित आवास केन्द्र बनाउन पहल गरिनेछ।

३. गाउँपालिकाका जनतामा न्याय पाउने संवैधानिक हकलाई सुनिश्चितता गरिनेछ। साथै जनता सँगै न्यायिक समितिको न्याय आवाज कार्यक्रम सञ्चालन गरिनेछ।

४. गाउँपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम र निर्देशिका वनाई विधिको शासनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

५. सूचना प्रणाली व्यवस्थित गराउदै लानुको साथै गाउँपालिकाको विद्युतीय पार्श्वचित तयार गरी सोको आधारमा योजना प्रकृया सञ्चालन गरिनेछ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

६. न्याय निरुपणका लागि जनशक्ति विकासका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

७. वडा स्तरीय मेलमिलापकर्ताहरुको सक्रियताले स्थानीय झै झगडा, विवाद स्थानीय स्तरमै न्यायोचित समाधान गरिएकोले पालिकाको न्यायिक समिति र जिल्ला अदालतहरुमा ठोरी गाउँपालिकाको मुद्दा मामिला अन्य पालिका भन्दा कम मुद्दा दर्ता भएको देखिएकोले मेलमिलापकर्ताहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

८. जेष्ठ नागरिक, बालबालिका, किशोरी, महिला, आदिवासी, फरक क्षमता भएका, एकल महिलाहरुको अधिकारलाई सुनिश्चित गर्न विभिन्न कार्यक्रम ल्याईनेछ।

९. न्यायीक समितिको क्रमशः क्षमता अभिवृद्धि गर्दै लगिईनेछ।

## ९. योजना, अनुगमन तथा तथ्याङ्क नीतिः

१. गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई गुणस्तरीय रुपमा छिटोछरितो रुपमा सम्पन्न गर्नको लागि प्रत्येक आ.व. को जेष्ठ मसान्त सम्म सम्पन्न गरी सो को भुक्तानी फरफारक गरी सक्नु पर्ने नीति अवलम्वन गरी आषाढमा एकै पटक हतारमा कार्य सम्पन्न गर्ने प्रचलनलाई सुधारत्मक रुपमा व्यवस्थापन गरिनेछ।

२. गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने योजनाको विस्तृत एवं सार्वजनिक जानकारी हुनेगरी योजना सञ्चालन स्थलमा योजना विवरण राख्नु पर्ने प्रावधानलाई निरन्तरता दिईनेछ।

३. स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मूलकयोजनालाई प्राथमिकताका आधारमा क्रमश सञ्चालन गर्ने नीति लिइनेछ ।

४. छरिएका तथा साना योजनाहरूलाई एकीकृत गर्दै परिणाममुखी, दिगो तथा प्रत्यक्ष लाभ पुग्ने योजनाहरूलाई प्राथमिकताका आधारमा P1, P2, P3 को रुपमा वर्गीकरण गरी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिनेछ।

५. अधुरा तथा निर्माणाधिन योजनाहरूलाई पहिलो प्राथमिकता दिई स्रोत सुनिश्चितता पश्चात मात्र नयाँ योजना सञ्चालन गरिनेछ।

६. योजना छनोट गर्दा लागतलाभ विश्लेषण, जनसंख्या लाभान्वित संख्या, दिगोपना र आर्थिक प्रतिफललाई आधार बनाइनेछ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याराडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर थिङ
अध्यक्ष



Scanned with CamScanner

७. विकास आयोजनाहरूको दोहोरोपन हटाउन संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहलगानीको नीति अवलम्बन गरिनेछ।

८. गाउँपालिकाको समग्र विकास आवश्यकतालाई व्यवस्थित गर्न, विकास योजनाहरु दोहोरो हुन नदिन 'योजना बैंक (Project Bank)' स्थापना तथा सञ्चालन गरिनेछ। साथै योजना बैंकमा सूचीकृत योजनाहरूलाई प्राथमिकताका आधारमा वार्षिक, मध्यकालीन तथा दीर्घकालीन योजनामा समावेश गर्दै जाने नीति अवलम्बन गरिनेछ।

९. सम्भाव्यता अध्ययन, लागत अनुमान, वातावरणीय अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका योजनाहरूलाई पहिलो प्राथमिकतासाथ योजना बैंकमा समावेश गरिनेछ।

१०. उपाध्यक्ष संयोजक रहने अनुगमन समितिलाई सक्रिय बनाई नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ।

११. अनुगमन प्रतिवेदनका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट उपभोक्ता समिति, निर्माण व्यवसायी तथा प्राविधिकलाई प्रोत्साहन गरिनेछ।

१२. गुणस्तरहीन निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

१३. रु. ५ लाखभन्दा कम लागतका पूर्वाधार योजनाहरूलाई क्रमशः न्यून गर्दै ठूला तथा प्रभावकारी योजनामा स्रोत केन्द्रित गरिनेछ।

१४. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा नागरिक सहभागिता तथा पारदर्शिता अभिवृद्धि गरिनेछ।

१५. गाउँपालिकाबाट निर्माण सम्पन्न भएका भौतिक पूर्वाधार, सामुदायिक भवन, खानेपानी, सिंचाइ, कृषि, पर्यटन तथा अन्य विकास आयोजनाहरूको दिगो सञ्चालन, संरक्षण र व्यवस्थापन सुनिश्चित गर्न सम्बन्धित उपभोक्ता समिति, व्यवस्थापन समिति, विद्यालय, सहकारी, समूह वा सम्बन्धित संस्थालाई निर्धारित मापदण्ड पूरा गरी योजना हस्तान्तरण गरिनेछ।

१६. निर्माण सम्पन्न भएका योजनाहरूको प्राविधिक परीक्षण, सार्वजनिक परीक्षण, अन्तिम नापजाँच तथा आवश्यक कागजातहरूको अभिलेखीकरण पश्चात मात्र हस्तान्तरण प्रक्रिया सम्पन्न गरिनेछ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



Scanned with CamScanner

१७. हस्तान्तरण गरिएका योजनाको सञ्चालन, मर्मतसम्भार तथा संरक्षणका लागि सम्बन्धित संस्था वा समितिको दायित्व स्पष्ट गरी आवश्यक सम्झौता गरिनेछ।

१८. गाउँपालिकाबाट उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने सबै आयोजना तथा कार्यक्रमको कार्य प्रारम्भ गर्नुअघि सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**क्षेत्रगत समग्र नीति तथा आधारहरु:**

गाउँपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीको लागि गाउँपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गरिएको छ ।

(१) गाउँपालिकाको जनप्रतिनिधी, कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वयबाट सञ्चालन गरिनेछ।

(२) सुशासन र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाको आय व्यय विवरण नियमित प्रकाशित गर्दै लाने व्यवस्था मिलाउदै लगिनेछ।

**विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण प्रयास, अवसर तथा चुनौतिः**

**१. अवसरः**

(क) संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

(ख) सवै वडामा सडक पहुँच हुनु।

(ग) गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।

(घ) संघ, प्रदेश र विकास साझेदारसंग समन्वय, सहकार्य हुनु।

**२. चुनौतीः**

(क) रोजगार मूलक र सीप मूलक शिक्षाको विकास गर्नु।

(ख) बजारको सूचना कृषकहरुलाई समयमै उपलब्धः गराउनु।

(ग) गुणस्तरीय वीउवीजन, मलखाद समयमा नै उपलब्ध गराउनु।

(घ) युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु।

(ङ) मध्यवर्ति क्षेत्रमा विकास निर्माण, पर्यटन पूर्वाधार निर्माण र व्यवसायिक उद्योगहरुको स्थापना गर्ने।



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यारडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

Scanned with CamScanner

३. परिकल्पनाः

**"सुशासन, समृद्धि, समुन्नत र पर्यटकीय ठोरीको आधार, उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"**

४. सोचः

ठोरी गाउँपालिकाका गाउँवासीहरुको आधारभूत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर पर्यटकीय र समृद्ध गाउँपालिका **"सुशासन, समृद्धि र समुन्नत ठोरी"** बनाउने मुख्य सोच रहेको छ ।

५. लक्ष्यः

विभिन्न ऐतिहासिक, पुरातित्वक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको ठोरी गाउँपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पुर्वाधारको विकास, कृषिमा आधुनिकीकरण, गुणस्तरीय शिक्षा र नागरिक सशक्तीकरण गर्दै सवल, सक्षम र समृद्धिशाली वनाउने लक्ष्यका साथ गाउँपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण गाउँपालिकाको रुपमा विकास गरी आर्थिक एवं सामाजिक दृष्टिले समुन्नत, आत्मनिर्भर र स्वावलम्वी गाउँपालिका वनाउने लक्ष्य राखिएको छ।

६. उद्देश्यः

१. स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दूरदृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं समुदाय सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गर्ने। साथै दातृनिकायलाई विकास साझेदारीमा काम गर्न आह्वान गरिनेछ।

२. शैक्षिक, आर्थिक तथा सामाजिक असमानता हटाउन सुशासन एवं पारदर्शिता कायम गरीसमावेसी, समानुपातिक विकासको अवधारणामा गाउँपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने।

३. लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक तथा सामाजिक उन्नति र पहुँचमा बृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने।

४. सुशासनको प्रत्याभुति सहित ऐतिहासिक कला, संस्कृति, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोत साधानहरुको अधिकतम परिचालनका साथ समग्र विकासद्धारा देशकै नमूना गाउँपालिकाकोरुपमा संस्थागत सवल सक्षम र आत्मनिर्भर बन्ने।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्याडडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ अध्यक्ष



Scanned with CamScanner

५. गाउँपालिकाको सर्वपक्षिय विकासका लागि संघ, प्रदेश र विकास साझेदारसँग आवश्यक समन्वय र सहकार्य गरी आवश्य थप स्रोत साधनको व्यवस्थापन गरिनेछ।

**यस गरिमामय पन्ध्रौं गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु :**

ठोरी गाउँपालिकाको सार्वभौम यस पन्ध्रौं गाउँसभामा पेश भएको नीति तथा कार्यक्रमले समग्र पक्षलाई समेट्ने प्रयास गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुमा अनुरोध गर्दछु। यस वार्षिक नीति तथा कार्यक्रमको सफलताका लागि आम गाउँपालिकाबासीहरुबाट सकारात्मक पृष्ठपोषण र मार्ग दर्शनको अपेक्षा समेत गरेको छु ।

**अन्त्यमा :**

यस नीति तथा कार्यक्रममा उल्लेख गरिएका विषयवस्तु आगामी आर्थिक वर्षको लागि प्राप्त हुने स्रोत र साधनको परिधिभित्र रही समयमानै खर्च हुन सक्ने बजेट निर्माण हुने प्रतिबद्धता सहित नीति तथा कार्यक्रमको पूर्ण सफलताको आशा गर्दछु र सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

**धन्यबाद, नमस्कार।**

ठोरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्यागडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

....................
लालबहादुर श्रेष्ठ
अध्यक्ष
मितिः२०८३/०३/०७